पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पञ्चपुरी नगरपालिका

बाबियाचौर ,सुर्खेत

प.स.: २०८०।०८१

चं.नं.:

मिति: २०८०।०८।०८

**वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारे सूचना ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको च.न. ४२१ मिति २०८०।०८।०४ गतेको पत्रानुसार वैदेशिक रोजगार सन्तती छात्रवृति सञ्चालन कार्यविधि २०८० बमोजिम श्रम स्विकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु या अंगभग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत अशक्त भएका श्रमिकहरुका १८ वर्ष मुनिका सन्ततीहरु पुर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि १२ कक्षा सम्मका विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने छात्रवृतिका लागि तपसिल अनुसारको कागजात सहित आफु अध्यानरत शैक्षिक संस्थामा अनुसुची १ बमोजिमको ढाँचामा फारम भरि २०८० मंङसिर मसान्त सम्म निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु ( नयाँ आवेदकका लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि । .
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारीमा गई सोहि क्रममा अशक्त भएका कामदारको पुर्णरुपमा अशक्त भएको प्रमाण खुल्ने कागजात ।
- विद्यार्थिको जन्म दर्ताको प्रतिलिपि
- निवेदक संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि
- विद्यार्थि वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि
- सम्बन्धित स्थानिय तहको सिफारिस ।

**साविकमा प्राप्त गरिरहेका बालबालिकाको लागि**

- विद्यार्थीको निवेदन ।
- अध्यानरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- विद्यार्थि वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- कामदारको राहदानी प्रतिलिपि ।

कृष्ण प्रसाद जैसी

प्रमुख प्रशासकिय अधिकृत